# मानव बेचबिखन ओसारपसारबाट बचौं/बचाऔं

भूकम्पले हामी सबैलाई बिक्षिप्त बनाएको छ। हामीले परिवारका सदस्य गुमाएका छौं। कयौं अझै घाइते अवस्थामा छौं। घरहरू भत्किएका छन्, सम्पत्तिहरू पुरिएका छन्। यतिबेला हामी खुला आकाश मुनि असहज रूपमा जीवन चलाइ रहेका छौं। विभिन्न आवश्यकता र समस्याहरूको सामना गरिरहेका छौं। यस्तो विशम् परिस्थितिमा हामी सहयोगी हातहरू खोजी गरिरहेका छौं। तर के हामीसँग सहयोगी हात बढाउन आउनेहरूको नियत राम्रो नै छ त ? यतिबेला हाम्रो बाध्यताको फाइदा उठाउँदै हाम्रा आफ्ना भन्नेहरू र नचिनेकाहरू पनि विभिन्न बाहानामा हाम्रो नजिक आइरहेका छन्। हामीलाई सहयोग गर्ने नाममा विभिन्न ठाउँबाट महिला, बालबालिका र किशोर/किशोरीहरूको बिक्रीको प्रयास भइरहेको छ। त्यसैले सोचौं, कतै हामी पनि त्यस्ता बिचौलियाहरू (दलाल) को फन्दामा त पर्दै छैनौं ?

## मानव बेचबिखन ओसारपसार भनेको के हो ?

कुनै पनि व्यक्तिद्वारा अर्को व्यक्तिलाई ललाइ, फकाइ, डर, त्रास देखाइ इच्छा विपरित एक ठाउँबाट अर्को ठाउँमा लगि इच्छा विपरित कुनै पनि प्रकारको शोषणमूलक काममा लगाउँछन् भने त्यसलाई मानव बेचबिखन/ओसारपसार भनिन्छ।

## मानव वेचविखन/ओसारपसार के-का लागि हुन सक्दछ ?

## यो विभिन्न कामका लागि गर्ने गरिएको छ। जस्तै :

- शोषणमूलक घरेलु काममा लगाउन
- जबरजस्ती वेश्यावृत्तिमा लगाउन
- विवाहका लागि
- कृषि क्षेत्रमा शोषणमूलक काममा लगाउन
- किड्नीलगायत शरीरका अन्य अङ्गहरूको वेचविखन गर्न
- कलकारखाना, घर बनाउने ठाउँहरू जस्ता कामका क्षेत्रहरूमा शोषणमूलक काम गराउन

## कसले गर्छ ?

बिचौलिया (दलाल) जो पनि हुन सक्दछन्। यिनै हुन्छन् भन्ने हुँदैन। उदाहरणका लागि निम्न प्रकारका व्यक्तिहरू हुन सक्दछन्।

- गाउँमा राहत दिने बाहानाले आएर नजिक भएका व्यक्तिहरू पनि हुन सक्दछन्। आफ्नो छिमेक, नाता पर्ने व्यक्तिहरू पनि अरूको प्रभावमा परी गर्न सक्दछन्।
- बाहिरबाट नचिनेका विभिन्न सङ्घ/संस्थाका नाममा आउने व्यक्तिहरू पनि हुन सक्दछन्। त्यसैले झट्टै कसैमाथि पनि विश्वास गरिहाल्नु हुन्न। पूर्ण जानकारी लिई कतै जाने वा नजाने निर्णय गर्नु पर्दछ।

## बेचबिखन ओसारपसारबाट कसरी बच्ने ?

- कसैलाई पनि झट्टै विश्वास नगर्ने।
- आफू कहाँ जाने ? कोसँग जाने त्यसबारे पूर्ण निर्णय लिएर मात्र जाने वा नजानेबारे निर्णय गर्ने।
- घर परिवारका सदस्य/साथीहरूलाई आफूलाई अर्को व्यक्तिले बताएको कुराहरू पूर्ण रूपमा बताएर छलफल गरेर मात्रै निर्णय गर्ने।
- बेचबिखन/ओसारपसारका बारे आफूले पूर्ण जानकारी लिई अरूलाई पनि जानकारी दिने।

## यसको विरूद्ध कानुन छ कि छैन ?

मानव बेचबिखन ओसारपसार विरूद्ध कानुन छ। उक्त कानुन अनुसार निम्न सजाय हुन्छ।

१. मानिस किन्ने वा बेच्नेलाई २० वर्ष कैद र २ लाख जरिवाना

२. कसैले कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउनेलाई कसुरको मात्रा हेरेर १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजारदेखि १ लाख जरिवाना

३. मानिसको कुनै अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ लाख देखि ५ लाखसम्म जरिवाना

४. वेश्यागमन गर्नेलाई १ महिनादेखि ३ महिनासम्म कैद र २ हजार रुपैयाँदेखि ५ हजार रुपैयाँसम्म जरिवाना

५. कुनै व्यक्तिलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले ललाइ, फकाइ, झुक्याइ विदेश लैजानेलाई १० वर्षदेखि १५ वर्षसम्म कैद र ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए १५ देखि २० वर्षसम्म कैद र १ लाख रुपैयाँदेखि २ लाख रुपैयाँसम्म जरिवाना

६. कसैले कुनै व्यक्तिलाई किन्न, बेच्न वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १० वर्ष कैद र ५० हजार रुपैयाँदेखि १ लाख रुपैयाँसम्म जरिवाना र बालबालिका लगेको भए १० वर्षदेखि १२ वर्षसम्म कैद र १ लाख रुपैयाँसम्म जरिवाना

७. कुनै व्यक्तिले शोषण गर्ने उद्देश्यले ओसारपसारको परिभाषा बमोजिम नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा लैजानेलाई १ वर्षदेखि २ वर्षसम्म कैद र विदेश लगे को भए २ वर्षदेखि ५ वर्षसम्म कैद। मानव बेचबिखन वा ओसारपसारको कसुर दुरुत्साहन षड्यन्त्र वा उद्योग गर्नेलाई कसुर गर्दा हुने सजायँको आधा सजायँ हुँनेछ।

आफ्नो वरिपरि मानव बेचबिखन/ओसारपसार हुन सक्ने जोखिम वा अन्य कुनै पनि शंका लागेमा तल उल्लेखित कार्यहरू गरौँ/गराऔँ।

- तुरुन्तै नजिकैको प्रहरी चौकीमा खबर गर्ने।
- तपाईको नजिकै रहेको **"बहुउद्देश्यीय केन्द्र"** मा जाने/पठाउने
- ओरेकको हटलाइन १६६० ०१ ७८९१० मा खबर गर्ने। **(याद गर्नुहोस् - हटलाइनमा फोन गर्दा पैसा लाग्दैन)।**

**याद गर्नुहोस्।**

मानव बेचबिखन ओसारपसार अपराध हो। मानवता विरूद्धको कलङ्क हो। हामी सबै मिली काम गर्दा यसको नियन्त्रण हुन सक्दछ। त्यसैले आउनुहोस् सबै मिली भूकम्पपछिको नयाँ नेपाल मानव बेचबिखन मुक्त नेपालको निर्माण गरौं।

**याद राखौं !!**

भूकम्प प्रभावितहरूका लागि उपलब्ध राहत सहयोगका लागि कुनै पनि पैसा तिर्नु पर्दैन। कुनै पनि व्यक्तिले उक्त राहत सहयोग दिए वापत शारीरिक, मानसिक, आर्थिक, यौनिक, यौन शोषण, यौन दुर्व्यवहार लगायतका लैङ्गिक हिंसा गर्ने तथा अन्य गैर कानूनी फाइदा उठाउने प्रयत्न गर्न सक्छन्। तसर्थ, यदि तपाई पनि यस्ता घटना/हिंसाको शिकार बन्नु भएको छ वा तपाईले यस्ता घटना/हिंसाबारे कुनै सूचना पाउनु भएको छ भने तुरुन्त तल दिइएको ठेगानामा सम्पर्क राख्नुहोस्।

**सम्पर्क नं.**

नेपाल प्रहरी: १०० (यस नम्बरमा फोन गर्दा पैसा लाग्दैन)

महिला बहुउद्देश्यीय केन्द्र : श्री प्रेमा पौडेल फोन नं. : ९८५११५५२८४ (काभ्रेपलाञ्चोक)

श्री. शर्मिला थापामगर फोन नं. : ९८५११८७४२४ (नुवाकोट)

ओरेक बालकुमारी, ललितपुर
पो.ब.नं. : १३२३३, काठमाडौं
फोन : ०१-५००६३७३ फ्याक्स : ९७७-०१-५००६२७१
ईमेल : ics@worecnepal.org
www.worecnepal.org

United Nations Entity for Gender Equality and the Empowerment of Women

**ओरेक नेपाल हटलाइन : १६६० ०१ ७८९१०**